कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ७ | वि.सं. २०८१ | बैशाख | ८ | शनिवार | नेपाल संवत: ११४४, | चैत शुक्ल द्वादशी | Saturday | 20 | Apr. | 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-


# आगलागीबाट जनधनको क्षति बढ्दै

# ४५१ घटनामा ४३ जनाले ज्यान गुमाए

**नन्दराम जैशी**
**सुर्खेत, ७ बैशाख ।**

- **घटना-१**

गत चैत २ गते कालीकोटको खाडाँचक्र नगरपालिका-५ ढाडगाउँस्थित नवदुर्गा सामुदायिक वनमा लागेको डढेलोमा परी एकै परिवारका बाबु छोरीको मृत्यु भयो । उक्त घटनामा परी घाइते भएका ५० बर्षिय नन्दराम चौलागाईंको उपचारका क्रममा चैत ७ गते दिउँसो मृत्यु भयो । उनकी १२ बर्षिया छोरी हेमन्ती चौलागाईको चैत ५ गते उपचारका क्रममा मृत्यु भएको थियो ।

घरमुनिको वनमा बाख्रा चराउन गएका बुवालाई दिउँसोको खाजा रोटी पुर्‍याउन गएकी छोरी हेमन्ती पनि वनमा लागेको डढेलोमा परेर जलेकी थिइन् । आगलागीमा चौलागाईंका ४५ वटा बाख्रा पनि जलेर मरेका थिए । घाइते बाबुछोरीलाई चैत ३ गते बेलुकी हेलिकप्टरबाट थप उपचारका लागि कर्णाली प्रदेश अस्पताल सुर्खेत ल्याइएपनि उनीहरुलाई बचाउन सकिएन । बाबुछोरीलाई चार दिनसम्म सघन उपचार कक्ष (आइसीयू) मा राखेर उपचार गरेपनि बचाउन नसकिएको अस्पतालका डाक्टर केएन पौडेलले बताए ।

- **घटना-२**

गत चैत २६ गते डोल्पाको ठुलीभेरी नगरपालिका-४ तिप्लामष्टाको भवानी सामुदायिक वनमा लागेको आगो निभाउने क्रममा तीन जना सैनिकको ज्यान गयो । डढेलोमा परेका चार जनामध्ये जुम्लाको तातोपानी गाउँपालिका-४ स्थायी घर भइ देविदत्त गुल्म दुनैमा कार्यरत २८ वर्षीय हेमन्त रावतको घटनाको केहिबेरपछि मृत्यु भएको थियो । भने गुल्ममा कार्यरत काभ्रेका ३८ वर्षीय जम्दार केशव बहादुर दर्जा मगर र हुम्लाका २३ वर्षीय आशिष बुढाको काठमाडौंको कीर्तिपुर अस्पतालमा उपचारका क्रममा मृत्यु भयो ।



नेपाली सेनाको हेलिकप्टरमार्फत घाइतेहरुको उद्दार गरी छिट्टै अस्पताल पुर्‍याएपनि बचाउन नसकिएको डोल्पाका प्रमुख जिल्ला अधिकारी तुलसीप्रसाद दाहालले बताए । उनका अनुसार आगो निभाउने क्रममा घाइते भएका अन्य १२ जनाको जिल्ला अस्पताल डोल्पामा उपचारपछि गुल्ममा फर्किएका छन् । सुरक्षाकर्मीहरूसँग अग्नी नियन्त्रणका लागि पर्याप्त उपकरण नहुनु र तीव्र गतिमा चलेको हावाका कारण बढी क्षति हुन पुगेको उनले बताए ।

- **घटना-३**

गत चैत २९ गते डोल्पाकै त्रिपुरासुन्दरी नगरपालिका-४ स्थित सुँ सामुदायिक वनमा आगलागी हुँदा डढेलोमा परी तीन जना बालबालिकाको मृत्यु भयो । स्कुल बिदाको समयमा गाउँ नजिकैको वनमा गुच्ची च्याउ टिप्न गएका तीनै बालबालिकाले आगलागीबाट ज्यान गुमाए ।

उपचारको क्रममा १२ वर्षीय विवश बुढा र १३ वर्षीय समन्त बुढाको काठमाडौंमा मृत्यु भएको थियो । भने १० बर्षिय सुलश बुढाको जिल्ला अस्पताल डोल्पामा उपचारको क्रममा मृत्यु भएको प्रमुख जिल्ला अधिकारी तुलसीप्रसाद दाहालले बताए । उनीहरुको उद्धार गर्ने क्रममा हेलिकप्टर भाडामात्रै १६ लाख ५० हजार रुपैयाँ खर्च भएको कर्णाली प्रदेशसभा सदस्य वीरबहादुर शाहीले बताए ।

माथिका यी घटना उदाहरण मात्रै हुन् । तर प्राकृतिक तथा मानविय लापरवाहीका कारण कर्णालीमा आगलागीका घटनासँगै ठुलो जनधनको क्षति बढ्दो क्रममा छ । विगत तीन ३ बर्षको

बाँकी ४ पेजमा

## सामान्य लापरवाहीले जान्छ ज्यान

सामान्य लापरवाहीले घरमा आगलागी हुने र मानिसको ज्यानैसम्म जाने घटना हुन थालेका छन् । घरमा बालेको आगो राम्रोसँग ननिभाउने, कोठाभित्र संवेदनशिल स्थानमा आगो बाल्ने, वनमा डढेलो लगाउने जस्ता कार्यले मानिससँगै जीवजन्तुको पनि मृत्यु हुने गरेको छ ।

आगलागीको मुख्य कारण नै असावधानी हो । जसको एक उदाहरण हो हुम्लाको सर्केगाड गाउँपालिका-८ रादेउका ५५ वर्षीय हर्के ऐडीले आगलागीबाट ज्यान गुमाउनु । गत चैत २८ गते राति गाउँभन्दा झण्डै अढाई घण्टा पैदल दूरीको कुरिल्ला लेकको भेडीगोठमा उनको आगलागीबाट मृत्यु भएको थियो । राती सुत्दा आगो ननिभाइकन सुतेका उनी आगो फैलिँदा उनीसँगै गोठमा रहेका ६० वटा भेडासमेत मरेका थिए ।

बाँकी ३ पेजमा

## आगो नियन्त्रण र उद्दारमा ढिलाई

कर्णालीमा हुने अधिकांश आगलागीका घटनामा आगो नियन्त्रण र उद्दारमा ढिलाइ हुने गरेको छ । अधिकांश स्थानीय तहमा बारुण यन्त्र नहुनु, भौगोलिक विकटताका कारण घटना स्थलमा पुग्न ढिलाई हुनु र आगो निभाउने उपकरण र पानीको स्रोत नजिक नहुँदा पनि ठूलो क्षति हुने गरेको छ ।

कर्णालीका जिल्ला सदरमुकाममा रहेका

बाँकी ३ पेजमा

# चार महिना भित्र पेट्रोलियम पदार्थको परिमाण पत्ता लाग्ने



**भक्तबहादुर शाही**
**दैलेख, ७ बैशाख ।**

नेपालको लागि गौरवको आयोजना मानिएको दैलेखमा शुरु हुन लागेको पेट्रोलियम पदार्थको परिमाण पत्ता लाग्ने भएको छ । पेट्रोलियम पर्दाथको परिमाण पत्ता लगाउनको लागि अन्वेषणको अन्तिम ड्रिलिङका लागि रिग हाउस निर्माणको काम शुरु गरिएको सँगै चार महिना भित्र परिमाण पत्ता लाग्ने अन्वेषण टोलीले जनाएको छ ।

पेट्रोलियम पदार्थको परिमाण पत्ता लगाउन मुख्य ड्रिलिङको काम शुरु गरिएको अन्वेषणमा खटिएका प्राविधिक टोलीले जानकारी दिए । चीनको करिब दुई अर्ब ५० करोड लागतमा दैलेखमा पेट्रोलियम अन्वेषणको काम शुरु गरिएको हो । अहिले आयोजना स्थलमा सुरक्षाको लागि जिल्ला प्रशासन कार्यालय दैलेखले नेपाल प्रहरी,सशस्त्र प्रहरीले सुरक्षा दिईरहेको छ ।

पेट्रोलियम पदार्थ उत्खनन आयोजना स्थल जलजले एक सय २० ट्रकमा आएका सामानहरूको व्यवस्थापनसँगै रिग हाउस निर्माण थालिएको हो । रुपैडिया नाकाबाट आउनुपर्ने एक सय ५० ट्रकहरूमध्ये आयोजना स्थलमा एक सय २० ट्रक मात्र आई पुगेका छन् । दैलेखको भूभागमा रहेको पेट्रोलियम पदार्थको परिमाण पत्ता लगाउन अन्तिम अन्वेषणको कामका लागि जलजलेमा चार किलोमिटर ड्रिलिङ गर्न रिग हाउस निर्माणको काम धमाधम अगाडी बढी रहेको छ । काम सञ्चालन भए सँगै जिल्लाबासीमा खुशी छाएको छ भने ३४ जना जिल्लाबासीले समेत रोजगारी पाएका छन् ।

निकै ठूला र धेरै तौल भएका सामानहरूको व्यवस्थापनका लागि तीनवटा क्रेनको प्रयोग गरिएको छ । ड्रिलिङ मुख्य केन्द्र मानिएको जलजलेमा करिब ३० मिटर उचाइमा बन्ने रिग हाउसको तल्लो भाग निर्माण सुरु गरिएको छ । वैशाख अन्तिमसम्म सबै सामान जलजले आइपुग्ने र जडान कार्य सम्पन्न भएसँगै अन्वेषणको काम सुरु हुने चिनियाँ प्राविधिकले बताएका जानकारी दिए । अहिले चिनियाँ र नेपाली प्राविधिक मिलेर

बाँकी ४ पेजमा

# भेरी नदीमाथी निर्माणाधीन 'बेलिब्रिज' अन्तिम चरणमा



**युग संवाददाता**
**सुर्खेत, ७ बैशाख ।**

भेरी करिडोर सडक आयोजनाअन्तर्गत तल्लुस्थित भेरी नदीमाथि निर्माणाधीन 'बेलिब्रिज' (पुल) अन्तिम चरणमा पुगेको छ । डोल्पा, जाजरकोट र रुकुम पश्चिमलाई जोड्न महत्वपूर्ण मानिएको भेरी नदीको बेलिब्रिज निर्माण अन्तिम चरणमा पुगेको आयोजना कार्यालयले जनाएको छ ।

बेलिब्रिज निर्माणका लागि आवश्यकपर्ने पाता सबै जडान भइरहेको आयोजनाका प्रमुख सुनील रञ्जितकारले बताए । पुलको बेस प्लेट जडानको काम शनिवारदेखि सुरु हुने उनले जानकारी दिए । जेठ मसान्तभित्र पुल निर्माण गरिसक्ने योजनाका साथ काम भइरहेको उनको भनाइ छ ।

पुलका सबै पाता यति बिल्डर्सले जडान गरेको छ भने बेस प्लेटदेखि ढलान, पालको काम बुद्धिबहादुर खत्रीले गर्ने सहमतिअनुसार काम भइरहेको प्रमुख रञ्जितकारले बताए । जाजरकोटको नलगाड

बाँकी ४ पेजमा


## डिपेन्डेन भिसा

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.**: ९७६९७७२९४४, ९७६९७७२९२३







# चञ्चल सिंह






हर्कबहादुर लामगादे 'रोहित'

'जय प्रकाश नारायण अस्पताल इमरजेन्सी ? म, एकजना घाइते केटी लिएर आउँदै छु ! एउटा बेड खाली राख्नु होला ! मेरो नाम चञ्चल सिंह हो !'

नाम, चञ्चल सिंह । जस्तो नाम आचरण पनि त्यस्तै । चञ्चलताको पराकाष्ठाको अन्तिम रेखा जहाँ विराम लिन्छ त्यहाँबाट सुरु हुन्छ चञ्चलको चञ्चलता । ऊ एक मिनटका लागि पनि स्थिर कहिल्यै बस्तैन, न नै उसको मुखले केही क्षणका लागि विराम लिन्छ । बकबके शब्दको सटीक उदाहरण हो, चञ्चल सिंह । उसका कुराको न खुट्टा हुन्छ न शिर तर कहिलेकाहीँ यस्तो ज्ञानको कुरा गर्दछ मानौँ ऊभन्दा ज्ञानी यो लोकमा अरू कुनै छैन । महाज्ञानी चञ्चल सिंह । तीस बर्से चञ्चल सिंहको आचरण कुनै दस बर्से बालखभन्दा कम छैन ।

ऊसँग कोही एक घण्टा बिताओस्, थाहा लाग्छ केटामा वानरभन्दा गजबको फुर्ती र फइँफाइँ गर्ने तीव्रता छ । अँ, यो बजरङ्गबलीको परमभक्त हो । हरघडी हनुमानजीको नाम लिइरहन्छ - 'जय बजरङ्बली, जय हनुमान जी की !'

'यो केटालाई हनुमानजी को आशीर्वाद छ' भन्न उसका निकटतम् आफन्तहरू पछाडि सर्दैनन् । यो केटाको केटाकेटीपन कहिले जान्छ भनी उसका परिवारका सदस्य सोच्दासोच्दै अब सोच्नै छाडेका छन् । वाक्क, दिक्क भए । उसकी आमाले चञ्चल सिंह बचपनमा छँदा सय चोटि ज्योतिषाचार्य अनि पण्डितलाई देखाइन्; यो जान्नलाई कि मेरो छोराको चञ्चलता कहिले जान्छ । ज्योतिष र पण्डितले सधैँ भनिरहे; केटो हुन त धेरै चञ्चल हो तर पछि गएर हुनेछ बहादुर । चञ्चल सिंहको अगाडि हिम्मत शब्द टिक्नै सक्दैन । कारण, 'नाइँ' उसको शब्दकोशमा नै छैन । उसलाई कसैले भनिदियोस् कि घामलाई टिपेर ले । ऊ सोच्नमा एक पल पनि लगाउँदैन, तुरुन्तै भनिदिन्छ- 'हुन्छ, म हनुमान जसरी उडेर जान्छु अनि लिएर आउँछु ।' यस्ता निष्प्रयोजन कुरा गर्दा कोही पनि हाँस्न सक्छन् तर हिम्मतलाई हिम्मत दिनु चञ्चल सिंहको मूल-स्वभाव हो । उसको फुर्के बानी हो । कसैले उसलाई अलिकति फुर्काइदियोस्, हवाईजहाजभन्दा माथि उडान भर्न लाग्छ ।

रङ कालो, पाँच फुट कद, ससाना भित्र गाडिएका अनि छेउतिर तन्केका आँखा, कसिलो जिउ । यसलाई मजाले चिमोट्नुहोस्, तपाईं थाक्नुहुन्छ तर चञ्चललाई रत्तिरभर पनि फरक पर्दैन । खपेको हो कि नदुखेको, बुझ्न गाह्रो छ । काम कुनै प्राइभेट कम्पनीमा गर्छ तर उसका हत्केला छाम्दा लाग्छ मानौँ यो रोजै हलोकोदालो चलाउने काम गर्छ । बलियो यति छ कि पचासजना मान्छे लड्न आए भने पनि झम्टिन पछि सर्दैन ।

यसको कलेजको एकजना साथी छ, रमन । हमेसै भन्छ- 'मलाई छोडेर चञ्चल सिंहले कलेजका सबै केटालाई कुनै न कुनै समय मजाले बजाएको छ भलै तिनीहरूको गल्ती किन नहोस् !' यसरी भौँकालको माहौल बनाउन हरदम तत्पर रहन्छ, चञ्चल सिंह । कामभन्दा बढी मुखले भौँकाल अनि कामले मुखको कुरालाई वजनदार बनाउन पनि पछाडि सर्दैन । बाहिरबाट भलै ऊ असभ्य र चञ्चल होस् तर हृदय स्वच्छ जलभन्दा धेरै निर्मल । परिचित होस् या अपरिचित मद्दत गर्न पङ्क्तिमा प्रथम उभिएको पाइन्छ । उसलाई बुझ्न जति सरल उति नै कठिन पनि छ ।

पटनाको गर्ल्सरोडमा उसको अफिस छ । गर्ल्सरोडको दुवैतिर गर्ल्स होस्टेल छन् । अपराह्नपछि गर्ल्स रोडमा सुन्दर केटीहरूको रमाइलो वातावरण बनिरहन्छ । कुनै आफ्ना प्रेमीसँग प्रेमिल कुरा गर्दै गरेका हुन्छन् त कुनै फास्टफूडको आनन्द लिँदै गरेका देखिन्छन् । चञ्चल सिंहको अनुहार कालो भए तापनि कन्याहरू उसको अघिपछि मायाको झोला लिएर हिँड्ने गर्छन् । ऊ उदारहृदयको प्राणी; प्रेमको झोला लिएर हिँड्ने कन्यालाई निराश पटक्कै पार्दैन, जति हुन सक्छ प्रेम बाड्नमा लागिपरिरहन्छ । जब पनि अफिसबाट फुर्सत पाउँछ उसका पाइला गर्ल्स रोडतिर रोडमा छरिएका कन्यालाई निहाल्न सरिहाल्छन् । यी कन्याका बिस्कुन उसलाई औधी मन पर्छ ।

कोभिड महामारीको दुई वर्षपछाडि, एक दिन चञ्चल सिंहलाई आफ्नो कम्पनीको रिजिनल म्यानेजरलाई लिन हवाईअड्डा जानु थियो । निस्किनुभन्दा अगाडि चञ्चल सिंह रेस्टरुम गयो; खल्तीको काइँयो निकालेर तीन इन्चे केश सपार्‍यो, सर्ट-पतलुन कसो अनि जुँगा-दाह्रीलाई पानी लगाएर रिफ्रेस गर्‍यो । आएर आफ्नो टेबलमा उभिएको बोतलबाट एक घुँट पानी घुटुक्क पार्‍यो अनि निस्कियो गाडी भएकोतिर । गाडी गर्ल्सरोडमा थियो । एउटा दृश्यले चञ्चल सिंहका पाइलालाई रोकिदियो । गाडी भएको ठाउँबाट लगभग तीन सय पाइलाको दुरीमा स्थित पायल गर्ल्स होस्टेलको चौथो मञ्जिलको रेलिङमा एउटी केटी आफ्नो खुट्टा बाहिर गरेर बसेकी रहिछे । चञ्चल सिंहले हेरो, केटीले आफ्ना दुवै हातले आँखा पुछिरहिछे । उसले बुझ्यो, केटी रुँदै छे । केटी घरी अगाडि हाम्फाल्न खोज्छे घरी पछाडि हुन्छे । अब चञ्चल सिंहलाई यथार्थ कुरा बुझ्न समय लागेन । तलैबाट हकारो- 'के गरिकी तिमीले ? प्लिज त्यसो नगर ।'

केटीलाई यति भनेर उसले आफ्नो चालकलाई घाँटी दुख्ने गरी करायो- 'ये मोहन ! माथि जा अनि केटीलाई समात्, केटीले सुसाइड गर्दैछे !'

मोहन अन्कनिँदै माथि जान पाइला सार्‍यो । यति बेरसम्म छेउछाउका पसलेहरू भेला भइसकेका थिए । कुनै भिडियो बनाउन थाले भने कोही कानाफँसी गर्न लागे- 'ला ! केटीले त सुसाइड गर्न लागी, बिचरी !'

चञ्चल सिंह फेरि गर्जियो- 'न हाम्फाल प्लीज !' केटीले केही प्रतिक्रिया दिइन । उसले नीलो रङको टिसर्ट लगाएकी थी । केटी त्यही बिस-पच्चीस वर्षकी होली । गोरो रङ र हेर्दा खातेपीते घरकी जस्ती देखिन्थी । मोहन माथि जानलाई सिँढीमा पाइला राख्दै मात्र थियो कि चौथो मञ्जिलबाट केटीले हाम्फाली । केटीले बिल्डिङबाट टाढिँदै चर्को आवाजी निकाली र भुइँमा आएर बज्रिई । बज्रिएको आवाज यति जोडसँग ध्वनित भयो जसरी माथिबाट आटाले भरिएको बोरा भ्यात्त खसेको हो । चञ्चल सिंहले केटी खसी सक्दा नसक्दै समातिहाल्यो । उसले टाउकोलाई भुइँमा पर्न दिएन । केटी खसिसक्दा शक्तिहीन भई । चञ्चल सिंहले उसलाई आफ्नो काखमा पल्टायो ।

चञचल सिंहले भन्यो- 'यता हेर, आँखा खोलिराख है, तिमीलाई केही हुँदैन !'

केटी दुखाइले छटपटिन लागी । आँखाबाट अविरल आँसुका धारा बग्न थाले । अङ्गप्रत्यङ्ग सिसा चर्के समान चर्केर दुख्न लाग्यो । चञ्चल सिंहले उसलाई ढाडस दिँदै उसको हात समात्यो । भन्यो- 'तिमीलाई म केही हुन दिन्न ।'

अस्पताल लिएर जान उसले केटीलाई उठाउने कोसिस गर्‍यो तर सफल भएन । चञ्चल सिंह रिसले तमासा हेर्दै गरेको भीडमाथि गर्जियो- 'के हेरेका ट्वाल्ल परेर ! आओ मलाई उठाउन सहयोग गर !' यति भन्दा पनि भीडले अमुख हेरिरह्यो । चञ्चल सिंहको रिसको पारा झन् चढ्यो । करायो- 'ये मोहन ! जल्दी गाडी लिएर आइज, अस्पताल जाऔँ !'

मोहन गाडीतिर दौडियो । 'जय बजरङ्गबली' भन्दै चञ्चल सिंहले भएभरको बल आह्वान गर्‍यो अनि दुवै हातले जुरुक्क उठायो । मोहनले गाडीको दैलो खोल्यो । चञ्चल सिंहले केटीलाई भित्र सिटमा राख्यो अनि आफू पनि सिटमा बसेर केटीलाई आफ्नो काखमा राख्यो ।

बिचबिचमा केटी बर्बराउँछे- 'मलाई किन बचाएको ? प्लिज मलाई होस्पिटल नलैजानु । मलाई मर्ने मन छ ।'

चञ्चल सिंहले केटीका दुवै हात सुमसुम्याउँदै भन्यो- 'तिमी पागल हौ कि के हो जो यसरी सुसाइड गर्ने प्रयास गर्‍यौ । फेरि मर्ने कुरा नगर्नु !'

केटीले केही भनिन । दुखाइले छटपटिरही । केटीको दुखाइ देखेर चञ्चल सिंहको मन पग्लिएर आयो । मन कट्कटी खायो । उसले दुईतीन चोटि सुसाइड गर्ने कारण सोध्यो तर केटीले केही भन्ने चेष्टा गरिन । यतिमै चञ्चल सिंहको फोन बज्यो । चञ्चल सिंहको एउटा राम्रो बानी छ जति नै ऊ व्यस्त होस् तर फोनको घण्टी बजिसक्दा उठाइहाल्छ ।

चञ्चल सिंहले कल उठायो ।

'को बोल्नु भयो ?'

'पटना टाउनको डीएसपी हुँ ।'

'भन्नुहोस् !'

'थानामा खबर आएको थियो, एउटी केटीले सुसाइड गरी अरे ।'

'हजुर, मैले आफैँ देखेको हुँ । जे पनि सोध्नु छ, पछि सोध्नु होला । अहिले म केटीलाई लिएर अस्पताल जाँदै छु । झट्टै जय प्रकाश नारायण अस्पतालमा भन्दिनुहोस् कि म एकजना घाइते केटीलाई लिएर जाँदै छु नभए इलाज गर्नु अघि धेरै कानुनी फोरमेलिटी गर्न लगाउँछन् ।'

चञ्चल सिंहले पुलिस अधिकारीलाई यसरी भन्यो जसरी कसैले पनि आफ्नो सहपाठीलाई सहजतासँग भन्ने गर्छन् ।

'ठीक छ ।' भन्दै पुलिस अधिकारीले फोन राख्यो ।

केटीलाई जय प्रकाश नारायण अस्पतालमा लिएर गयो । डाक्टरले केटीलाई बेडमा सुताएर चिकित्साको प्रक्रिया आरम्भ गर्न थाल्यो ।

चञ्चल सिंहको फोन बज्यो ।

'हलो ! को हो ?'

'म केटीको बाबा हुँ ।'

'कस्तो अभिभावक हुनुहुन्छ तपाईं ? छोरीको ख्याल राख्नु पर्दैन ?'

'नानी, त्यस्तो होइन ।'.मेरी छोरी त ठीक छिन् ?'

'अँ, अहिलेसम्म त ठीक छिन् ! चाँडै आउनुहोस् जय प्रकाश नारायण अस्पतालमा !'

चञ्चल सिंहले डाक्टरलाई संक्षेपमा सबै घटना भनिदियो । डक्टरले न्यूरो स्पेसलिटीलाई देखाउने सल्लाह दियो । चञ्चल सिंहले तुरुन्तै आफ्नो सल्लाह पस्की हाल्यो- 'डाक्टर साहब, केटी पछारिँदा उसको धेर चोट खुट्टातिर लागेको छ । पहिले हड्डीको डाक्टरलाई बोलाउनुहोस्, न्यूरोलाई पछि देखाए हुन्छ ।'

चञ्चल सिंहले केही नसोची डाक्टरलाई यसरी सल्लाह दियो मानौँ ऊ पनि अनुभवी डाक्टर हो । उसको बकबके बानीको प्रस्फुटन हो, उसले यो पनि सोचेन कि जसलाई सल्लाह दिँदै छ उनीहरू यस क्षेत्रका विशेषज्ञ हुन् ।

डाक्टर एकअर्कामा सल्लाह गर्न लागे । कहिलेकाहीँ साधारण व्यक्तिले दिएको सल्लाह पनि असाधारण हुन्छ । डाक्टरले पहिले हड्डीको डाक्टरलाई जँचाउने निर्णय लिए ।

पिताको सौजन्यले चञ्चल सिंहको पटना इंदिरा गान्धी मेडिकल कलेजमा एकजना वरिष्ठ हड्डीको डक्टरसँग राम्रो चिनजान थियो । समय बर्बाद नगरी चञ्चल सिंहले हड्डीको डाक्टरलाई कल गरेर सबै वृत्तान्त भन्यो । हड्डीको डाक्टरले जय प्रकाश नारायण अस्पतालबाट रेफर गराएकर आइजीएमएसमा ल्याउने सुझाउ दियो ।

केटीका पिता अस्पताल पुगे । आइसक्दा छोरीलाई हेरे अनि आत्मीय भावले चञ्चल सिंहलाई दुई हात जोडेर भने- 'नानी ! धेरै धेरै धन्यवाद ! दैवले तिमलाई सधैँ आफ्नो आशीर्वाद प्रदान गरुन् ।'

'धन्यवादको कुरा नगर्नुहोस् हजुर ! बजरङ्बलीले तपाईँकी छोरीलाई चाँडै निको पारिदिउन् ।'

'काका, यो त भन्नुहोस्, तपाईँकी छोरीले सुसाइड किन गरिन् ?'

'के भन्नु र नानी ! उसले यो चोटि यूपीएससी (संघ लोकसेवा आयोग) को परीक्षा क्लियर नगरेको तेस्रो चोटि थियो । एक महिनादेखि निराश थिई, दुःखी थिई । उसलाई के को पो दुःख थियो र ? सबै त पुगिसरी थियो । केहीको कमी राखेको थिएन । उसलाई पढाइ गर्न बाहेक अरू केही काम लगाएको थिएन ।'

'ओहो ! साँच्चै नै, आजभोलिका विद्यार्थीहरू परीक्षाको धेरै टेन्सन लिन्छन् ।'

कुराको बिचमा चञ्चल सिंहको फोन फेरि बज्यो ।

'हलो सर ! नमस्ते !

'नमस्ते ! कहाँ पुगिस् चञ्चल ?'

'सर, पन्ध्र मिनटमा पुगिहाल्छु । आउँदा बाटोमा एउटा घटना घट्यो नभए अघि नै हनुमानको जसरी उडेर पुगिसक्ने थिएँ ! '

'बहाना बनाउन कोही तँबाट सिकुन् । ल, ठीक छ त, चाँडै आइज । मेरो फ्लाइट ल्याण्ड भइसक्यो ।'

चञ्चल सिंह केटीको छेउमा गयो अनि मायाले भन्यो- 'हेर, हिम्मत नहार्नू ! तिमीलाई केही पनि हुँदैन । अब तिमीलाई ठुलो अस्पतालमा लिएर जाने हो । त्यहाँ ठुला र अनुभवी डाक्टर छन् । तिमीलाई चाँडै निको पारिदिन्छन् ।' केटीका आँखाबाट आँसुका धार बाक्ला भएर झरे ।

'रुनु हुँदैन, सबै ठीक हुन्छ । तिम्रो स्थिति पहिलाको जस्तै हुन्छ । ल, ठीक छ, अब जानु पर्‍यो । मेरो अफिसको काम छ । नगई हुँदैन । म फेरि बेलुकीपख आउँछु । हार खाने होइन । तिमीलाई जसरी पनि बचाउँछु चाहे मलाई किन यमराजसँग लडाइँ गर्नु नपरोस् !' भन्दै चञ्चल सिंहले आफ्ना पाइला अघि के सारेको थियो केटीले चञ्चल सिंहको हात समाती । उसका आँसुका धारा ओठबाट हुँदै उँधो अविरल बग्दै गए । केटीले कष्टतापूर्वक भनी-

'प्लीज ! तपाईँ नजानू, अब मलाई जिउनु छ । तपाईं यहाँ रहनुभयो भने म बाँच्नेछु ।'

चञ्चल सिंहले विश्वाससँग भन्यो- ' तिमीलाई केही हुँदैन । म चाँडै आउँछु । हार भने पटक्कै नमान्नू ।'

चञ्चल सिंह हवाईअड्डाका लागि निक्लियो । हवाईअड्डा पुगेर आफ्नो बोसलाई उत्साहपूर्वक स्वागत गर्‍यो । बोसलाई अफिस लिएर गयो । बाटाभरि बोसलाई गर्ल्सरोडमा घटेको घटना सुनाउन एक्छिन् पनि मुखलाई विराम दिएन ।

दुई घण्टापछि केटीको पिताको कल आयो- ' नानी, अहिले हामी आईजीएमएस अस्पतालमा छौँ । अहिले छोरी आउट अफ डेन्जर छिन् । फेरि पनि तपाईंलाई धेरै धेरै धन्यवाद ।'

'वाह ! जय बजरङ्गबली । खुसी लाग्यो । तपाईं चिन्ता भने एक सिन्को पनि नगर्नुहोस् । म आउँदैछु आईजीएमएस । तपाईंलाई थाह छ ! मेरो सिधै विधायकसँग कुरा हुन्छ । म वहाँको खास मान्छे हुँ । भन्नुहुन्छ भने, अस्पतालका सबै डाक्टर तपाईँकी छोरीको इलाजका लागि खटाइदिन्छु । तपाईँ जान्नुहुन्न म कति पावरफुल मान्छे हुँ ! मलाई एक सेकेण्ड मात्र लाग्छ फोन घुमाउन ।' 'हैन, हैन नानी ! तपाईंको म जीवनभरि आभारी रहनेछु ।'

## विदेश

# बीटीएस टावर बिनै फोन कल तथा मेसेज सम्भव बनाउन चिनियाँ वैज्ञानिकलाई ठूलो सफलता

काठमाडौं, ७ वैशाख (रासस/एएनआई) ।

सेल टावर आवश्यक नपर्ने गरी चिनियाँ वैज्ञानिकले स्याटलाइट कम्युनिकेसनमा ठूलो सफलता हात पारेका छन् । जमिनमा राख्नुपर्ने पूर्वाधारबिनै मोबाइल सञ्चार सम्भव बनाउन उनीहरूले विश्वकै पहिलो स्याटलाइट क्षमता विकास गरेका हुन् ।

यो परियोजनाको सुरुवात १६ वर्षअघि भएको थियो । २००८ मा चीनको सिचुआनमा गएको ठूलो भूकम्पका कारण पर्याप्त सञ्चार हुन पाएन । यहीकारण समयमै उद्धार नहुँदा ८० हजार बढीको ज्यान गएको थियो ।

त्यसपछि चिनियाँ सरकारले 'तियान्टोङ' (त्ष्बलतयलन) नामक परियोजना सुरु गर्‍यो । यस परियोजनाको उद्देश्य विश्वव्यापी रूपमा पहुँचयोग्य स्याटलाइट कम्युनिकेसन सिस्टम विकास गर्नु थियो । १६ वर्षपछि चीनले परियोजनालाई लिएर महत्त्वपूर्ण प्रगति हासिल गरेको हो ।

'तियान्टोङ' को शाब्दिक अर्थ 'स्वर्गसँगको सम्पर्क' हुन्छ । यस अन्तर्गत चीनले पहिलो पटक ६ अगस्ट, २०१६ मा 'तियान्टोङ - १' नामक उपग्रह प्रक्षेपण गरेको थियो । त्यसयता २०२० र २०२१ मा गरेर थप दुई उपग्रहको सफल प्रक्षेपण भइसकेको छ । यसका साथै २०२४ मा अर्को स्याटलाइट सार्वजनिक गर्ने योजना छ ।

ती सबै उपग्रह समुद्री सतहबाट करिब ३६ हजार किलोमिटरको उचाइमा रहेको जियोसिन्क्रोनस कक्ष (जीईओ)मा अवस्थित छन् । र, एसिया तथा प्रशान्त महासागरमा फोन सिग्नल उपलब्ध गराउन लागिपरिरहेका छन् ।

यही स्याटलाइट नेटवर्कमा आधारित भएर चिनियाँ स्मार्टफोन निर्माता ह्वावेले गत सेप्टेम्बरमा स्याटलाइट कल सुविधा भएको विश्वकै पहिलो फोन सार्वजनिक गरेको थियो । त्यसपछि अन्य चिनियाँ कम्पनी साओमी, अनर र ओप्पोले यही प्रविधिमा आधारित स्मार्टफोन ल्याए । यो नवीन प्रविधि भएकाले चिनियाँ उपभोक्ताहरूले तत्कालै प्रयोग गर्न थाले । अहिल यी प्रविधिमा आधारित स्मार्टफोन प्रयोग गर्नेको संख्या लाखौं भएको बताइन्छ । यससँगै चिनियाँ मोबाइल फोन प्रयोगकर्ताले सिङ्नल नटिप्ने ठाउँहरूमा समेत स्याटलाइट नेटवर्कको माध्यमबाट फोन गर्न तथा टेक्स्ट पठाउन सक्छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| राशि | फल |
|---|---|
| मेष | आज नयाँ सवारी साधन प्राप्तिको योग छ । आँटेको र ताकेको कार्य पुरा होला । प्रतियोगितात्मक क्रियाकलापमा विजय पनि प्राप्त हुनेछ । |
| वृष | बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पार्न सक्छ । अरूको वचन टाल्न नसक्दा दुःख पाइनेछ र खर्च पनि हुनेछ, संयम रहनु उचित होला । |
| मिथुन | दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । परिवारमा सुख सन्तोष छाउनेछ । चलाखीपूर्ण बोलीले सङ्कल्प सिद्ध हुनेछ । शुभ कार्यमा मन पनि जानेछ । |
| कर्कट | आज अधुरो वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । लगनशीलताले रोकिएका कामहरू अगाडि बढ्नेछन् । विश्वास गरेकाले साथ दिनेछन् । |
| सिंह | आज परीक्षा र शैक्षिक क्षेत्रबाट सफलता मिल्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । प्रणयप्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ । |
| कन्या | मन खिन्न हुने स्थिति आउनेछ । मालसामान हराउन सक्छ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ, तर वैदेशिक क्षेत्रको काम बन्नेछ । |
| तुला | धर्मकर्म तथा सेवामा मन लाग्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । मिष्ठान्न भोजन पनि प्राप्ति होला । |
| वृश्चिक | आज आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । शुभ समाचार सुन्न पाइएला । दाम्पत्य जीवन सुखमय रहनेछ । मान प्रतिष्ठामा वृद्धि पनि होला । |
| धनु | आज नयाँ कार्यको थालनी होला । साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । भूमिबाट लाभ रहला । |
| मकर | आज शरीर भारी र मन अस्थिर रहने संकेत देखिन्छ । लेनदेनमा सजगता अपनाउनु पर्नेछ । दिनको उत्तरार्धमा अधिक धन पनि खर्च हुनेछ । |
| कुम्भ | कार्यमा सफलता पाइनेछ । नयाँ व्यक्तिसँग भेटघाट हुनेछ । जीवनसाथीको सल्लाहले कार्यमा सफलता मिल्नेछ । मनमा उत्साह पनि छाउनेछ । |
| मीन | शुभकार्यको चर्चा चल्नेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । |

निबन्ध

# मलाई चिन्ने अरू



रन्जू पाण्डे

'खत्तम छ त्यो मान्छे त, मैले अस्ति मेरो एउटा सिफारिस पत्र विभागमा रोकिएर बसेको, त्यो हेर्दिनु न भनेको उसले वास्तै गरेन ।'

'खै मलाई त शंकै लाग्छ उसको बुढासङको सम्बन्ध बारे ।'

'डन हो रे नि त उसको बुढा त ।'

'तिमीले कसरी था' पायौ नि ?'

'उसैको अफिसमा काम गर्ने एउटा स्टाफ मेरो माइज्यूको एकदम मिल्ने साथी..।'

'होइन घुस नखाई कसैले यत्रो गाडी चढेर हिँड्न सक्छ ?'

'नचिनेको हो र, मैले थाहा पाउँदा साइकल चढेर ऊ अफिस आउँथ्यो ।'

'राम्री छ अफिसमा पनि कति छिटो छिटो प्रमोसन भा को हेर त !'

'त्यसको त क्यारेक्टर राम्रो छैन रे त, अनुगमनमा सँगै जाँदा था' पा' को रे ।'

'होइन होला !'

'हो रे, कन्फर्म ।'

यस्ता 'हो' हल्लाहरू एक, दुई , तीन गरेर सर्दै अनि बढ्दै जान्छ । कसले भनेको, उसले भनेको, उसको घर सँगैको छिमेकले, ऊसँगै काम गर्ने स्टाफकी श्रीमतीले भनेको, भनेको । न प्रत्यक्ष सुनेको हो, न मैले भोगेको हो । तैपनि यो 'भनेको' बाट परपरसम्म 'भएको', 'रहेको' र अन्तमा 'हो' प्रमाणित हुन्छ ।

आम मानिसहरू अधिकांश यस्तो कुरालाई विषय बनाइरहेका हुन्छन् । जसको न कुनै अर्थ छ आफ्नो जीवनमा, न कुनै आधार छ प्रमाणित गर्ने, न कुनै आवश्यकता र प्रयोजन । घर, टोल छिमेक, आफन्त, कार्यालय, संघसंस्थामा यस्ता अप्रमाणित मिथक कुराले निक्कै राम्रो बजार लिएको हामी पाउँछौं । यी त भए साधारण मानिसका अथवा सीमित वर्ग समुदायमा चिनिएका मान्छेप्रति मान्छेले बनाउने दृष्टिकोण । यहाँ म उठाउन गै रहेको प्रसङ्ग विश्व चर्चित फ्रान्सेली साहित्यकार तथा दार्शनिक जीन ज्याक्स रुसो को हो ।

विसं २०६१ सालमा डा. गोपाल सिवाकोटी द्वारा लिखित पुस्तक "विश्वका प्रमुख राजनीतिक विचारधारा" राजनीतिक शास्त्र स्नातकोत्तर तहको पाठ्यक्रममा समेत समावेश छ । विश्वका विविध विचारक मध्ये एक जीन ज्याक रुसोको पनि यस पुस्तकमा उल्लेख गरिएको छ ।

फ्रान्सीसी राज्य क्रान्तिका प्रेरणादाता रुसोको आत्म जीवनीको रूपमा उनैद्वारा लेखिएको कृति कन्फेसन्स (ऋयलाभककष्यलक) को नेपाली अनुवाद नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान (हाल नेपाल प्रज्ञा प्रतिष्ठान)द्वारा बिसं २०२९ मा तत्कालीन मुर्धन्य साहित्यकार केदारमान ब्यथितको कुलपतित्व तथा पोषण पाण्डेको आयोजकत्वमा अनुवादक गोपालदास श्रेष्ठ द्वारा भएको हो । सो नेपाली भाषामा अनुवादित पुस्तक 'कन्फेसन्स'भर्खरै पढेकी मलाई डा. सिवाकोटीद्वारा लिखित पुस्तकमा उल्लेख गरिएको रुसोको विचारधारा पढ्ने जिज्ञासा बढ्यो । किनकि रुसोको आत्मवृत्तान्तको 'ह्याङ'ले मलाई छोडेको थिएन । आफ्ना जीवनका सम्पूर्ण उतारचढाव उनैको शब्दमा सुनिसकेपछि त्यस परिवेशमा जन्मेका, हुर्केका उनका राजनीतिक दर्शन विचारधारालाई म सजिलै बुझ्न सक्छु कि भन्ने पनि थियो ।

तर 'विश्वका प्रमुख राजनीतिक विचारधारा' पुस्तकको अध्ययनको प्रारम्भमा रुसोको जीवनीको बारेमा गरिएको छोटो व्याख्यामा नै म अलमलिएँ जहाँ उनका केही व्यक्तिगत चरित्र र पारिवारिक किस्सालाई यसरी वर्णन गरिएको रहेछ जुन त्यो उनले स्वयं स्वीकार गरेर उनैद्वारा लेखिएको पुस्तक 'कन्फेसन्स' (स्वीकारोक्ति )भन्दा केही पृथक पाएँ । यद्यपि मैले पुस्तकको अनुवादित कन्फेसन्स पढेर सकाउँदा एक किसिमको तरङ्ग अनि भावले मेरो मनमा जुन छाप छोडेको थियो त्यसमा केही अलमलिएँ डा. सिवाकोटी द्वारा लिखित पुस्तकमा रुसोलाई जसरी चिनाइएको छ, त्यसले । यी दुई पुस्तकमा देखिएको केही पृथकता म यहाँ हु बहु राख्न चाहन्छु ।

**विश्वका प्रमुख राजनीतिक विचारधाराः पाना न २५७**

"सुरुबाटै रुसो खराब संगतमा परे । पारिवारिक विषमताको उनले सहन गर्न नसकी एक पादरी कहाँ नोकरी गर्न लागे । तर आफ्नो खराब आचरणको कारण नोकरी छोड्नु पर्‍यो । रुसो एक शराबी थिए । त्यसैले उनले एक अनपढ, कुरूप ,भट्टीवाल थेरस ल भासौउ (त्जभचभकब ीभ ख्बककभग) सँग यौन सम्बन्ध राखी पाँचवटा बच्चा जन्माए ।" ..रुसो सोह्र वर्षको उमेरमा घरबाट भागे त्यसपछि बीस वर्षसम्म फ्रान्समा निरुद्देश्य घुम्ने र आवारा गर्दीको जीवन बिताए ।.."

**कन्फेसन्स : प्रकाशन ई.सं १७४१ जहाँ रुसो आफ्नो बारेमा यसो भन्छन् :**

"जसो कि तपाईंले पहिले नै थाहा पाइसक्नुभएको छ मेरो युवावस्था करिब करिब रमाइलोसित बित्यो । यस अवधिमा न त मलाई कुनै ठूलो निराशाको सामना गर्नु पर्‍यो न त म उल्लेखनीय रूपले सुखी नै भए ।" ( पाना १७८)

"..यसो हुँदाहुँदै पनि म जँड्याहा होइन । मैले कहिले पनि जिन्दगीमा ढलमलाउने गरी रक्सी खाएको छैन ।" ( पाना १७५) 'पहिलो पटकको भेटघाटमा नै म थेरेशाको शील स्वभावबाट प्रवाहित भए ।" "..हाम्रो हृदय र स्वभावको सामञ्जस्यले गर्दा हामी झन् झन् नजिक आउन थाल्यौ ।" (पाना २०९)

".. मलाई यो भन्न लाज लाग्दैन कि ऊनी अहिलेसम्म राम्ररी पढ्न जान्दिनन् ।"..तापनि कठीनाई पर्दा उनी खुब राम्रो सल्लाह पनि दिन सक्दथिन । मलाइ दुख पर्न लाग्दा मैले नदेखेको उपाय भेट्टाउँथिन र आउन लागेको खतराबाट बचाउँथिन ।" ( पाना २१०)

"..उनको स्वभाव मैले यति सरल पाएँ कि मलाई उनीसङ स्वभावतः एक लगाव हुन गयो, जसलाई केहिले पनि तोड्न सकेको छैन ।"

"..थेरेशा राम्री नै थिइन् । स्वभाव पनि राम्रो थियो र मलाई विश्वास छ कि उनले म बाहेक अरू कसैलाई प्रेम पनि गरिनन् ।" (पाना २५२)

फ्रान्समा महान् व्यक्तित्व भनेर चिनिने रुसोले आफैले गरेको चर्चा पछाडि उनकी पत्नी थेरेशाको र उनको एक अर्का प्रतिको प्रेम र समर्पण, रुसोको जीवनमा उनको अस्तित्व, अनुपस्थितिमा लुकेको उनको उपस्थिति स्पस्ट देखिन्छ । जहाँ सम्म डा. सिवाकोटीको पुस्तकमा रुसोको २० वर्ष निरुद्देश्य र आवारागर्दीमा बितेको भनिएको छ त्यो जीवनको भोगाइ, अनुभव त बीज पो रहेछ उनलाई 'रुसो' बनाउने । ऊनी कहाँ भौंतारिएका रहेछन् र ? आफ्नो मूल भूमि छोड्दै हिँड्नुपर्दा यायावर जीवन भोगाइ त उनका प्रत्येक रचनाका लागि नयाँ प्लट पो रहेछ ।

३०० वर्ष पूर्वका यी व्यक्ति जसले फ्रान्समा राजनीतिक क्रान्ति ल्याउनमा आफ्नो विचारधाराको प्रभाव छोडे आज तीन सय वर्षपछि उनलाई चिनाइने क्रममा नेपालको विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई रुसो चिनाउँदा ऊनी एक शराबी र कुसङ्तका शिकार भएका अनि त्यही कारणले उनको एउटी कुरूप भट्टीवालसँग यौनसम्बन्ध रहेको भनेर चिनाउँदा त्यसपछि हामीलाई छोडेको उनको विचारधारामा हाम्रो पूर्वाग्रह कस्तो रहन जाला ?

व्यक्ति स्वयंले आफूलाई जसरी चिनेको, चिनाएको छ त्यसमा अरूको केही फरक मत रहला कि 'आफू स्वयं प्रति केही नरम भएर प्रस्तुत भयो' भन्नमा । तर यहाँ त उसले अरूलाई हेर्ने दृष्टिकोण र व्यवहारमा पनि तेस्रो व्यक्तिले आफ्नै अर्थ लगाएको देखिन्छ । आफ्नो परिभाषा अरूको दृष्टिमा फरक हुनु स्वाभाविक हो तर मैले अरू माथि गरेको/लगाएको परिभाषा समेत तेस्रो व्यक्तिको दृष्टिमा फरक हुनु र त्यसलाई सत्य बनाएर चौथो, पाँचौं, छैटौंलाई बताउँदै जानु कत्तिको अर्थपूर्ण अनि कतिको न्यायोचित होला ?

यो त एउटा आँखीझ्याल मात्र हो । समाजमा यिनै यस्ता समीक्षाले व्यक्ति स्वयंले आफूलाई चिन्ने समय भने गुमाएको छ ।

रुसोकी पत्नी थेरेशालाई ऊनी आफूले जस्तो बताए ऊनी प्रति आफू अत्यन्त कृतज्ञ रहेको कुरा उनले आफ्नो पुस्तक 'कन्फेसन्स'-मा धेरै ठाउँमा उल्लेख गरेका छन् र यो महसुस हुन्छ कि रुसोलाई यो उचाइमा पुर्‍याउन उनकी पत्नी थेरेशाको ठुलो हात र साथ छ । के यही सन्देश जानुपर्ने होइन र थुप्रै महान् व्यक्तित्व बीच उनलाई चिनाउँदा 'विश्वका प्रमुख राजनीतिक विचारधारा' पुस्तकमा ?

तर पुस्तकमा जस्तो लेखिएको छ त्यसरी नै लेखिँदै जाने हो भने इतिहास माथिको विश्वास हराउनेछ र वर्तमानको धरोहर आधार स्तम्भमा कसरी विश्वासको तला थप्न सकिएला र ? अब यो पुस्तक पढ्ने पुस्ताले आफ्ना छोराछोरीलाई यसै गरी रुसोलाई चिनाउँछन् 'हो, हो नै, मैले किताबमा पढेको ' । यसो त अर्को दृष्टिकोण पनि मैले किताब नै पढेर बनाएकी हुँ तर त्यो भने रुसो आफैले आफू र आफ्नो सम्बन्धको विषयमा बताएका कुराकानी रहेको छ ।

यसले मलाई झट्ट आफू देशबाहिर जाँदाको एउटा घटना याद दिलायो । सन् २००७ मा फिलिपिन्समा पढ्न जाने क्रममा त्यसै देशकी एक महिला मलाई सोध्छिन्, "तिम्रो देशमा त राजपरिवारलाई आफ्नै छोराले हत्या गरेको रे हो ?" '

साधारण मानिसको चर्चा सीमित मान्छेहरू बिच हुन्छ । उसप्रति आफूले बनाएका राम्रा-नराम्रा तिता मिठा अनुभव, हेराइ समय सँगसँगै फेरिन पनि सक्छ वा फेरिँदै जान्छ । किनकि परिभाषित गर्ने पात्र /व्यक्ति स्वयं पनि त फेरिँदै गएको हुन्छ । उसले लगाउने चस्मा अनि त्यसबाट देखिने दृश्य, मान्छे र मान्छे भित्र छिर्ने उसको क्षमता पनि क्रमशः फेरिँदै जान्छ । तर सार्वजनिक मान्छेको भने लामो समयसम्म आदर्श वा उदाहरणको रूपमा चर्चा परिचर्चा चलिरहन्छ । यसबारेमा लेखहरू प्रकाशित हुन्छन्, दस्ताबेज बन्छ र पछि पछिका पुस्ताले तिनै दस्ताबेजमा अलि थपथाप गरेर पुस्तक तयार गर्छन् त्यसपछिकाले त्यसैलाई सन्दर्भ सामग्री बनाएर अर्को'कालान्तरमा यिनै यस्ता पुस्तकहरू बाट त्यो व्यक्तिलाई मान्छेले परिभाषित गर्नु बाहेक अरू कुनै आधार नै रहन्न ।

वेद, उपनिषद्, पुराण, ग्रन्थ आदिलाई विश्वास गर्ने आधार मात्र पुस्तक हो । पुरोहित, पण्डित, सन्त, साधुले पनि तिनै पुस्तकलाई सन्दर्भ सामग्री मान्छन् र प्रवचन दिएर थुप्रै साधक तयार गर्छन् । यद्यपि कला, संस्कृति, मूर्ति, चित्र जस्ता इतिहासका अरू पनि थुप्रै दस्ताबेज छन्, पुस्तकले हामीलाई पुस्तापुस्ता सम्म जोडेको हुन्छ र तिनै पुस्तकका अक्षरबाट हामी समय कालको धारणा बनाउँछौं ।

प्रसङ्ग पुनः रुसोमा ल्याएर म आफ्नो भनाइ टुङ्ग्याउँछु । रुसो सम्बन्धी यस किसिमको परिभाषा अनि व्याख्या देखेपछि मैले गुगलमा खोजी गरैं । कहिँ कतै योसँग मिल्दोजुल्दो कुनै कृति, पुस्तक वा लेख छ कि भनेर । तर कतै भेट्न सकिनँ । पाठक वर्गले मलाई सहयोग गरिदिनु भए आभारी रहने थिएँ । यदि मेरो लागि रुसोको छवि बनाउनु पर्दा, अहिले उनलाई चिन्नु पर्दा लगभग ३०० सय वर्षअघि उनले आफैले लेखेको 'कन्फेसन्स', उनैको स्वीकारोक्ति भन्दा बलियो आधार के हुन सक्ला र ? मैले यो विषय यस कारणले उल्लेख गर्न चाहैं- यी दुईको लेख अध्ययन पश्चात् ममा एउटा अन्यौलता पैदा भएको छ । मलाई चिन्ने अरू हो वा म स्वयं ?

## कविताः आमाको हात छैन



ढाकामोहन बराल

काखमा बसेर
क देखि ज्ञ सम्म
भन्दा जतिसुकै
बिगारे पनि
खुशी हुने आमा मात्र हुन्
तोते बोलीमा
अंग्रेजीका अक्षर फुटाल्दा
मिले नमिलेको
के थाहा भयो होला र
तैपनि
मुसुमुसु हाँस्दै
आनन्द मान्ने आमा मात्र हुन्
दुई दुना चार भनेर पढ्दा
मीठो गीत सुनेझैं गरेर कान टाठा पार्ने
कुखुरी काँ बासीभात खाँमा
संगीतको सबै सुर देख्ने आमा नै हुन्
झोला भिरेर स्कुल गएको
बत्तीको छेउ बसेर कापीमा कोरेको
कागज च्यातेर जहाज बनाएको
उनैले बनाइदिएको कोदाको नलको
पिंपिं बाजा बजाएको
ढ्याक खेल्न जानेको
लड्डु घुमाउन जानेको
सबै सबै देखेर
प्रफुल्ल हुने दर्शक आमा नै हुन्

सानो हुँदा कविता लेखेर सुनाएको
कथा भनेको र
अङ्ग्रेजी पढेको
सबै सबै धैर्यपूर्वक सुन्ने
आमा मात्र हुन्

मीठो खाना आफ्नो
घाँटीबाट जाँदैन भन्दै
छोराको हातमा राखिदिने
आमा मात्र हुन्

प्रौढ शिक्षा सिकेर
पहिलो अक्षर लेख्दा
आफ्नो नाम छोडेर
मेरो नाम लख्ने
मेरी आमा नै हुन्
अल्छी मान्छे म
बिहान सुतिरहँदा
निधारमा छाम्ने
मेरै आमाका हात हुन्
राती अबेरसम्म बस्ता
छोरो बिरामी होला
भन्ने चिन्ता लिने काम आमाकै हो
अबेर घर फर्कंदा
पीर गर्ने ठेक्काको टेण्डर
सधैं आमालाई पर्दथ्यो

आफूले खानु पर्ने सयौं भन्दा
छोराले खाने एउटा औषधी छुट्ला भन्ने
डर हुन्छ आमालाई

छोरो बिरामी हुँदा
आफूले आफैंलाई
निदाउन प्रतिबन्ध लगाउने
आमा हुन्

आज छन त सबै छन्
तर तिम्रा खुशी छैनन्
मेरा खुसीमा आनन्द मान्ने मन छैन
मेरो टाउको राख्ने काख छैन
मेरा कपालमा घुर्सने औंला छैनन्
मलाई मीठो लाग्ने तिम्रो हप्काई छैन
मेरा निद्रा बिग्रने पीरले
सासले बोलेका तिम्रा शब्द छैन
आगो ताप्न बस्दा
पछाडिबाट चिसो भयो भन्दै
ओढाएको तिम्रो पछ्यौरी छैन
मेरा कथा र कविता सुन्ने धीर मन छैन
मेरा गतिविधि देखेर आनन्द मान्ने कोही छैन
बिहान अबेरसम्म सुते पनि
निधार छाम्न आउने
आमाको हात छैन
आमाको हात छैन ।

## कविताः एक हुल भोका स्यालहरू

निर्मला कोइराला

भोका स्यालहरू
एक हुल भोका स्यालहरू
जब पुग्छन् सत्ताको कुर्सीमा
तब सुरू हुन्छ
गाईको आवरणमा
ब्वाँसोको चरित्र
पद र प्रतिष्ठाको -याल चुहाउँदै
सत्ताको कुर्सीमा पुगेका तिनै स्याल
चारैतिर देख्छन् चल्लैचल्ला
जागेको भोक शमन गर्न
दर्शकहरूको आँखा छल्नै पर्छ
तिलश्मी नाटक गर्नैपर्छ
अनि
सुरु हुन्छ पछाडिबाट
एक एक गर्दै
चल्ला टिप्ने खेल

खेलको अन्त्यतिर आइपुग्दा
सकिन्छन् सबै चल्लाहरू
र रित्तो भइसकेको हुन्छ
सत्ता-परेडको मैदान पनि ।

## सामान्य...

त्यस्तै गत बर्ष माघ २३ गते जुम्लाको चन्दनाथ नगरपालिका-१ ठिन्के निवासी लोकबहादुर भण्डारीको घर आगालागी हुँदा उनकी १४ वर्षीया छोरी बन्दना भण्डारीको जलेर मृत्यु भएको थियो । आगो ननिभाईकनै सुतेका भण्डारी परिवारमा तीन जना घाइते भए । आगो घरको दोस्रो तलाबाट सल्किँदा घरको तेस्रो तलामा सुतेकी बन्दनालाई स्थानीयले बचाउन सकेनन् । डिभिजन वन कार्यालय सुर्खेतका अनुसार आगोजन्य वस्तु असावधानीवस वन क्षेत्रमा छोडिदिँदा ठूलो क्षति हुने गरेको छ । कार्यालयले हाल सचेतना फैलाउने र घटनामा संलग्न ठहरिए कारबाहीको दायरामा ल्याउने काम गरिरहेको छ । वन क्षेत्रमा चुरोट खाएर जथाभाबी फाल्दा, आगो लगाएर स्याउला नष्ट गर्न खोज्दा र वनभोज लगायत प्रयोजनमा बालिएको आगो ननिभाउँदा पनि वन क्षेत्र मासिने गरेको छ ।

टुकी ननिभाई सुत्दा, भान्साको आगो ननिभाउँदा र विद्युत् सर्ट हुँदा पनि आगजनी हुने गरेको छ । कर्णालीमा अधिकांश घर काठका हुने र कोठाको उचाई कम हुँदा पनि आगोले छिटो टिप्ने र फैलिने गरेका घटना छन् ।

## आगो...

दमकलसहित सेना तथा प्रहरीको टोलीसमेत आगलागी हुँदा समयमै पुग्दैनन् । प्रदेश राजधानी सुर्खेतमै आगलागी हुँदा समयमै नत दमकल पुग्छ, नत उद्दार टोली नै । त्यसैमा झन् पानीको चरम अभावले आगो नियन्त्रणमा सकस पर्ने गरेको छ । भने अन्य जिल्ला र गाउँमा हुने आगलागी नियन्त्रण गर्न सजिलो छैन ।

यही बैशाख २ गते दिउँसो वीरेन्द्रनगरमा भएको आगलागी नियन्त्रणमा समेत जिल्ला प्रशासन कार्यालय सुर्खेतको समन्वय अभावले ठुलो क्षति भोग्नु पर्‍यो । वीरेन्द्रनगर-६ खोर्केखोला नजिकै रहेको ज्वाला ट्रेडर्सको गोदाममा आगलागी हुँदा भवन रंगरोगन तथा प्लम्बिङका लाखौं मुल्यका सामानसहित गोदामसँगै जोडिएको यज्ञपिस बोर्डिङ स्कुलको तीन कोठे भवन समेत जलेको छ ।

आयो नियन्त्रणका लागि समयमै दमकल तथा तालिम प्राप्त सशस्त्र प्रहरी, नेपाली सेना लगायत जनशक्ति परिचालन गर्न जिल्ला प्रशासनको समन्वय कमजोर देखियो । सुख्खायाम सुरु भएसँगै हाल कर्णालीका दर्जनौ स्थानमा आगलागीका घटना भइरहेका छन् । आगलागीका घटना हुन नदिन र भइहालेमा आगो नियन्त्रण तथा उद्दारमा ढिलाइ नगर्न सबैले आआफ्नो ठाउँबाट भुमिका खेल्न जरुरी छ ।

लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण गरौं

- लोकतन्त्रको संरक्षण र प्रवर्द्धनमा हातेमालो गरौं ।
- राज्यलाई जनताप्रति उत्तरदायी बनाउन खबरदारी गरौं ।
- कानूनी शासन सुनिश्चित गरौं ।
- व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं ।
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं ।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं ।
- संविधान र कानूनको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं ।
- लोकतन्त्र दिवस भव्य र सभ्य रुपमा मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी तथा नवीकरण सम्बन्धी जरुरी सूचना

प्रस्तुत विषयमा कर्णाली प्रदेश सरकारले स्वास्थ्य सेवा नियमावली २०८० स्वीकृत गरी कार्यान्वयन गरिसकेको सन्दर्भमा प्रदेशभित्र स्थापना हुने तथासञ्चालनमा रहेका स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवाहरुको सञ्चालनको क्रमसः यजाजत लिइ तथा नविकरण गरी सेवा सञ्चालन गर्नुपर्ने हुँदा कर्णाली प्रदेश स्वास्थ्य सेवा नियामवली २०८० को अनुसुची ६ बमोजिमको इजाजत प्राप्त गर्न दिने निवेदनको ढाँचा र इजाजत लिसकेका र नवीकरण गर्नुपर्ने स्वास्थ्य संस्थाहरुको हकमा अनुसुची-७ बमोजिमको नवीकरणका लागि दिइने निवेदनको ढाँचाम तपसिलमा उलेखित ाकायहरुमा आपनो स्वास्थ्य संस्था तथा सेवाको इजाजत वा नविकरणका लागि निवेदन दिन यो सुचना जारी गरिएको छ । यदि समयमा नै इजाजत वा नविकरण नगरेमा प्रचलित कानुन बमोजिम जरिवाना गरिने ब्यवहोरा समेत सबैको लागि जानकारी गराइन्छ ।
साथै इजाजत प्राप्त स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाभन्दा बाहिरकबाट घुम्ति शिविर वा घुम्ति अस्पताल मार्फत विशेषज्ञ स्वास्थ्य सेवा सञ्चालन गर्न चाहेमा सम्बन्धित जिल्लास्थित स्वास्थ्य कार्यालयमा निवेदन दिएपछि मात्र सञ्चालन गर्न गराउन हुन अनोरोध गरिन्छ ।

| संस्था | इजाजतको लागि | नविकरणकोलागि निवेदन निकाय |
|---|---|---|
| पच्चीस शैया देखि दुईसय शैयासम्मका जनरल तथा विशेषज्ञ अस्पताल | निवेदन दिने निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| पच्चीस देखी पचास शैया सम्मका आयुर्वेद अस्पताल | सामाजिक विकास मन्त्रालय (साविम) | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| डेन्टल क्लिनिक/विशेषज्ञ/क्लिनिक/पोलिक्लिनिक | | सम्बन्धीत जिल्लाको जन/स्वास्थ्य सेवा कार्यालय |
| आयुर्वेद, होमियोप्याथि, प्राकुतिक चिकित्सा, आम्ची पोलिक्लनिक | | सम्बन्धीत जिल्लाको जन/स्वास्थ्य सेवा कार्यालय |
| आँखा उपचार केन्द्र | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत, |
| "सी" वर्गको प्रयोगशाला | | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
| "ख" श्रेण्मीको रेडियो इमेजिङ्ग सेन्टर | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत |
| पुनस्थापना केन्द्र पच्चीस शैयासम्म | | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेत |

**पुनश्चः** यस बाहेकका स्वास्थ्य संथाहरुको हकमा स्थानीय तह र संघीय सरकारको अधिकार क्षेत्र पर्ने हुँदा सोही बमोजिम गर्नहुन अनुरोध छ ।

युगआव्हान
राष्ट्रिय दैनिक

## भेरी...

नगरपालिका-१२ र रुकुमपश्चिमको आठबिसकोट नगरपालिकाको अनाहबीचमा पर्ने उक्त पुल लामो समयदेखि अलपत्र परेकामा नयाँ कार्यालय प्रमुख आएसँगै निर्माणले तिब्रता पाएको हो ।

तीन करोड ८१ लाखको लागतमा बेलिब्रिजको काम भइरहेको छ । बेलिब्रिज हिम सगरमाथा-खड्का कृष्ण जेभीले वि.सं. २०७८ पुसमा जिम्मा लिएको थियो । एक बर्षभित्र निर्माण सक्ने भन्दै काम सुरु गरिएको उक्त पुल अहिलेसम्म पूरा हुन सकेको छैन ।

आयोजना कार्यालयको प्रमुख बदलिरहने तथा निर्माण व्यवसायीलाई काम गर्न ताकेता नगर्दा पुल निर्माण अलपत्र पर्दै आएको थियो । हालका प्रमुख रञ्जितकारले आफू कार्यक्षेत्रमा खटिएर निर्माणलाई तीव्रता दिन दबाब दिएपछि अहिले करिब ९० प्रतिशत काम पूरा भएको छ । तीन जिल्लाको लाइफलाइनका साथै भारत, नेपाल र चीन जोड्ने त्रिदेशीय सडकको रुपमा पनि उक्त आयोजना महत्वपूर्ण मानिएको छ ।

एक सय १८ किलोमिटर लम्बाई रहेको जाजरकोट-डोल्पा खण्डभित्रको ५६ किमी सडकमा अहिले काम भइरहेको आयोजना प्रमुख रञ्जितकारले जानकारी दिए । ठेक्का लिएर काम नगर्ने क्याराभानलाई समेत तत्काल काममा फर्कन दबाब दिइएको उनको भनाइ छ ।

रञ्जितकारका अनुसार अहिले ५६ किमी खण्डमा कामले तिव्रता पाएको छ भने बाँकी ६२ किमीमा सडक फराकिलो बनाउने र स्तरोन्नतिको काम सुरु गर्न थालिएको छ । यो पुल निर्माण पछि जगदुल्ला जलविद्युत् आयोजना एक सय छ मेगावाट निर्माणमा समेत सहजता हुनेछ । जेठ मसान्तभित्र डोल्पामा बेलिब्रिज पुलमार्फत सिधा यातायात सेवा सञ्चालन गर्ने आफ्नो लक्ष्य रहेको आयोजना प्रमुख रञ्जितकारले बताए ।

## चार...

कामलाई तिव्रता दिईरहेका छन् ।

करिब चार महिनाभित्र दैलेखमा कति परिमाणमा पेट्रोलियम पदार्थ छ भन्ने पत्ता लाग्ने दैलेखका प्रमुख जिल्ला अधिकारी खिमराज भुसालले बताए । सुरक्षाको व्यवस्थापनका लागि सशस्त्र प्रहरी र नेपाल प्रहरी परिचालन गरेका छौं । आवश्यक परेका वेलामा २४सै घण्टा सुरक्षा लगायत अन्य सबै समस्या समाधानमा लागि जिल्ला प्रशासन काम गरिरहेको छ उनले भने । नेपालमा पहिलोपटक पेट्रोल अन्वेषण परियोजना सुरु हुन लागेकोमा सबै नेपालीमा खुसी छाएको नेपाली सहजकर्ता माइज हुसेनले बताए ।

दैलेखको भैरवी गाउँपालिका-१, जलजलेमा सरकारले ४५ रोपनी जग्गा अधिग्रहण गरेर अन्तिम अन्वेषणको काम सुरु गरेपछि काम अगाडी बढेको थियो । जग्गा अधिग्रहणमा केही विवादित भएपनि जिल्ला प्रशासनको सहजीकरणमा समस्याको समाधान गरि सकेपछि काम अगाडी बढेको थियो ।

धमाधम अन्वेषण काम अगाडी बढेपछि आजभोली जलजलेमा जिल्ला वा जिल्ला बाहिरका हेर्ने मान्छेको घुईचो लाग्ने गरेको स्थानीयबासी महेन्द्र थापाले बताए । उनले भने,काम शुरुवातमा हेर्ने मान्छेको घुईचो लाग्ने गरेको छ । सुनसान हुने जलजले बजार आजभोली हेर्ने मान्छे घुईचो गर्दा व्यापार व्यवसाय पनि हुन थालेको बताए । अहिले अन्वेषण स्थल जलजले हेर्न आन्तरिक पर्यटकको आकर्षण बढ्दै गएको झनै आशा पलाएको स्थानीयबासीको भनाई छ ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा नेपाल र चीन सरकारसँग ०७५ सालमा भएको जिटुजी सम्झौताअनुसार चीनको करिब दुई अर्ब ५० करोड लागतमा दैलेखको भूभागमा पेट्रोलियम अन्वेषणका काम सञ्चालनमा छ । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले समेत चासो देखाएपछि आयोजना स्थलको अध्ययन र अनुसन्धानसँगै कामले थप तीव्रता पाएको हो ।

**घर निर्माण कार्यको लागि सम्झनुहोस्**

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

**घर जगगाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा**

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ ।

**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

## Khajura Rural Municipality
### Office of the Rural Municipal Executive
### Invitation for Sealed Quotations

**(Published Date : 2081/1/7)**

1. Khajura Rural Municipality, Office of the Rural Municipal Executive, invites electronic bids from eligible bidders for following Sealed Quotations under National Competitive Bidding Procedures. Only eligible bidders should participate in the bidding for the contractsas in the table below. The bid validity period is 45 days from the date of last date of bid submission. Bid security shall be valid for 30 days beyond the validity period
2. Only Electronic Bidding through www.bolpatra.gov.np/egpis permitted and Sealed Quotation shall be submitted on or before(2024/05/05)12:00 Noon and Bid shall be opened on the same Submission date for Sealed Quotation at 14:00 Noon at Employer’s Office: Khajura Rural Municipality, Banke.
3. Eligible Bidders may obtain the further in format ion from Khajura Rural Municipality, Office of the Rural Municipal Executive, Banke or may visit PPMO website www.bolpatra.gov.np/egpto download all the bidding documents.
4. Bidders should deposit cost of bidding document on the Aantarik Rajaswa Khata of Khajura Rural Municipality, Banke and upload the scanned copy (PDF format) of the bank deposit Voucher.
   **Account Name:** Antarik Rajaswa Khata
   **Account Number:** Ga.1.1(1112051498621003)
   **Name of the Bank:** NIC Asia Bank ,Khajura, Banke
5. Bid Security(Cash/BidBond) shouldbe deposited in Dharauti Khata of Khajura Rural Municipality, Banke .
   **Account Name:** Dharauti Khata
   **Account Number:** ga.3.(B141498621524004)
   **Name of the Bank :**NIC Asia Bank ,Khajura, Banke
6. If the last date of bid submission falls on government holiday ,then the next working day shall be considered as the last date .In such case the validity period of the bid security shall remain the same as specified for the original last date of submission.
7. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.

| S. No. | Contract Number | Contract Name | Estimated Amount without VAT, PS & Contingencies | Bid Security | Bid Doc fee |
|---|---|---|---|---|---|
| 1 | KRM/SQ/ GOODS/34/ 2080-81 | Procurement of precasting equipment and materials | 1322240.88 | 36000 | 1000 |

**Chief Administrative Officer**

## इन्फ्लुएन्जा (फ्लू)बाट सुरक्षित रहौं

### इन्फ्लुएन्जा (फ्लू) भनेको के हो ?

इन्फ्लुएन्जालाई बोलीचालीको भाषामा फ्लू भनिन्छ । यो इन्फ्लुएन्जा भाइरसका कारणले लाग्ने संक्रामक रोग हो । जाडो महिनामा धेरै सक्रिय हुने यो भाइरसले शिशुदेखि जवान, अधबैंसे र वृद्धवृद्धा समेत सबै उमेरका व्यक्तिहरूलाई फ्लू लाग्न सक्छ ।

### फ्लू कसरी सर्छ ?

फ्लू भएका व्यक्तिले बोल्दा, खोक्दा, हाच्छिउँ गर्दा निस्किएका छिटा नजिकको व्यक्तिको नाक वा मुखमा परेमा भाइरस सर्न सक्छ । ती छिटा सासबाट फोक्सोमा पनि जान सक्छन् । भाइरस भएको कुनै सतह छोएर आफ्नो मुख वा नाक छुँदा पनि फ्लू लाग्न सक्छ ।

### फ्लूका लक्षण के हुन् ?




( फ्लू भएका सबैलाई ज्वरो नआउन पनि सक्छ )

### फ्लू रोकथाम कसरी गर्ने ?

- बिरामी भएका व्यक्तिहरूसँग भौतिक दूरी राख्ने
- खोक्दा वा हाच्छिउँ गर्दा आफ्नो मुख र नाक छोप्ने
- शारीरिक रूपमा सक्रिय हुने र प्रशस्त तरल पदार्थ र पौष्टिक खाना खाने
- सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने
- बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने
- आफ्नो आँखा, नाक वा मुख नछुने

फ्लू भएका अधिकांश व्यक्तिहरूलाई चिकित्सकको हेरचाह वा एन्टिभाइरल औषधिहरू आवश्यक पर्दैन । दीर्घ रोगी, गर्भवती, वृद्धवृद्धा तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई फ्लूले धेरै असर गर्ने र अवस्था जटिल बनाउने भएकाले त्यस्ता व्यक्तिले स्वास्थ्यकर्मीको निगरानी वा सम्पर्कमा रहनुहोला ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य सेवा निर्देशनालय**
वीरेन्द्रनगर, सुर्खेत

**हटलाइन मर्मत सेवा फोन गर्नुहोस । समस्या सुनाउनुहोस समाधान पाउनुहुनेछ ।**

धेरै समस्याको समाधान अव एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा ।
२) फर्निचर (काप्रेन्टर) मर्मत सेवा ।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा ।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा ।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा ।
६) पाथरुम, शौचालय मर्मत सेवा ।
७) कोठा सार्ने गाडी सुविधा ।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि

२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८

## आगलागीबाट...

अबधिमा मात्रै कर्णालीमा चार सय ५१ आगलागीका घटनामा परी ४३ जनाको मृत्यु भएको छ । भने ५१ जना घाइते भएका छन् ।

प्रदेश प्रहरी कार्यालयको तथ्यांक अनुसार आगलागीबाट पाँच सय दुई घर नष्ट हुँदा सवा ५६ करोड बराबर क्षति भएको छ । प्रहरीका अनुसार चालु आर्थिक बर्ष मात्रै एक सय ४३ वटा आगलागीका घटना भएका छन् । जसमा परी १७ जनाले ज्यान गुमाइसकेका छन् । भने ११ जना घाइते भएका छन् ।

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यवस्था भएको साथै विदेशीसँग कुराकानीको व्यवस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

भवानी छापाखाना
DIGITAL COLOUR PRINTER

सुलभ दर तथा गुणस्तरीय छपाई तोकिएकै समयमा
**क्यालेण्डर**
स्पाइरल | साधारण | टेबल

के तपाई **२०८१** सालको क्यालेण्डर छपाईको लागि विश्वसनीय छापाखानाको खोजीमा हुनुहुन्छ ?



•Screen Print •Offset Print •Digital Print
B.C. Group Karnali 2070
24 Years in Printing Experience
Quality & Quantity Printing House

संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20" × 30" & 19" × 25")
Multicolour Printing Machine
25000 Printing Per Hour



**भवानी छापाखाना**
Industry :- Birendranagar Industrial Area
: pressbhawani@gmail.com
Office :- Birendranagar-6, Surkhet
: 083-521615, 9858067999

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।